**वेलका नगरपालिका**

जिल्ला उदयपुर

१ नं. प्रदेश, नेपाल

**स्थानीय राजपत्र**

**वेलका नगरपालिकावाट प्रकाशित**

खण्ड- १ संख्या- ३ महिना गते २०७४ साल

वेलका नगरपालिकाको नगर सभावाट पारित भएको तल लेखिए वमोजिमको ऐन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

**भाग-१**

# अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम (सञ्चालन कार्यविधि) ऐन, २०७५

**प्रस्तावना** : अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि स्थानीय तहमा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले, वेलका नगर सभाले नेपालको संविधान र प्रचलित कानुनले दिएको अधिकारको अधिनमा रहि यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "वेलका नगर अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम (सञ्चालन कार्यविधि) ऐन, २०७५" रहेको छ ।

२) यो ऐन स्थानिय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुने छ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनाथ तथा जोखिमयुक्त बालबालिका" भन्नाले १८ वर्ष उमेर पुरा नभएका दफा १२ बमोजिमका लाभग्राही बालबालिका सम्झनुपर्छ ।

ख) नगरपालिका भन्नाले वेलका नगरपालिका सम्झनुपर्छ ।

(ग) "अभिलेख" भन्नाले दफा २२ बमोजिम तयार गरिएको अभिलेख सम्झनुपर्छ ।

(घ) "कार्यपालिका" भन्नाले वेलका नगर कार्यपालिका सम्झनुपर्छ ।

(ङ) "कोष" भन्नाले वेलका नगरपालिका को अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न यसै कार्यविधिद्वारा स्थापना हुने अक्षय कोष सम्झनुपर्छ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिका को प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ज) "वडा कार्यालय" भन्नाले नगरपालिका को वडा कार्यलय भन्ने सम्झनुपर्छ ।

(झ) "शाखा" भन्नाले सामाजिक सुरक्षा हेर्ने शाखा सम्झनुपर्छ ।

(ञ) "समिति" भन्नाले कार्यपालिकामा गठित सामाजिक विकास समिति सम्झनुपर्छ।

(ट) "सञ्चालक समिति" भन्नाले दफा ६ बमोजिम गठित कोष व्यवस्थापन तथा संचालक समिति सम्झनुपर्छ ।

(ड) "स्थानीय स्तर" भन्नाले वेलका नगरपालिका को भौगोलिक क्षेत्र सम्झनुपर्छ ।

(ड) "स्थानीय बाल अधिकार समिति" भन्नाले प्रचलित कानून बमोजिम स्थानीय स्तरमा बाल अधिकार सम्वर्द्धनको लागि गठित समिति सम्झनुपर्छ ।

**३. <u>उद्देश्य</u> :** यस ऐनको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) वेलका नगरपालिका को अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि नगरपालिकामा सामजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न स्थापना हुने वा भएको कोषलाई नियमन गर्ने ।

(ख) सञ्चालनमा रहेका अक्षषय कोषवाट प्राप्त आम्दानी समेतको आधारमा सामाजिक सुरक्षा आवश्यक देखिएका अनाथ तथा जोखिम युक्त बालबालिकाको पहिचान गरी उनीहरुलाई नगद प्रवाह गर्ने व्यवस्था मिलाउने ।

## परिच्छेद-२

## <u>कोष स्थापना तथा सञ्चालन</u>

**४. <u>अनुमति दिने</u> :** (१) नगरपालिका क्षेत्रमा अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न अनुमति लिन चाहने व्यक्ति वा संस्थाले कार्यपालिका समक्ष अनुमतिको लागि निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति माग गर्ने व्यक्ति वा संस्थालाई कार्यपालिकाले कार्यक्रम तथा सोमा हुने खर्च रकम नगरपालिकाको वार्षिक बजेटमा उल्लेख हुने र उक्त रकम दफा ५ बमोजिमको कोष मार्फत खर्च हुनेगरी कार्यक्रम सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा प्रदेश सरकारको सहमति वा अनुमति अथवा नेपाल सरकार वा प्रदेश सरकारको नीति अन्तर्गत सञ्चालित हुने अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम संचालन भइरहेको हकमा यो ऐनको व्यवस्था लागू हुने छैन ।

**५. <u>कोष स्थापना</u> :** (१) कार्यपालिकाले नगरपालिका क्षेत्रभित्र अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्ने गैरसरकारी संघ संस्था तथा अन्य निकायले अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रममा खर्च गर्ने

वा कोषको मूलधनमा योगदान गर्ने गरि रकम दाखिला गर्नको लागि एक अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कोष स्थापना गर्नेछ ।

(२) कोषमा स्थानीय तहले अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा प्रदान गर्ने गरीबी न्यूनिकरणका लागि विनियोजन गरिएको रकम पनि दाखिल गर्न सकिनेछ ।

(३) नगरपालिका क्षेत्रमा कोषमा दाखिला रकम बाहेक अन्य स्रोतबाट खर्च गर्नेगरी कुनै संस्थालाई अनुमति वा सहमति दिइने छैन ।

६. **कोष सञ्चालन व्यवस्था :** (१) कोषको सञ्चालनको लागि देहाय बमोजिमको एक कोष व्यवस्थापन तथा सञ्चालक समिति रहनेछ :

(क) नगर कार्यपालिकाबाट मनोनित कार्यपालिकाको एक जना महिला सदस्य, -संयोजक

(ख) स्थानीय स्तरमा कार्यरत बालबालिकाहरु संग सम्बन्धित गैरसरकारी संस्था वा स्थानीय बाल संरक्षण समितिका अध्यक्षहरु मध्येबाट समाजिक विकास समितिबाट मनोनित एक जना प्रतिनिधि -सदस्य

(ग)स्थानीय स्तरमा सञ्चालित सार्वजनिक वा सामुदायिक माध्यमिक विद्यालयहरुका प्रधानाध्यापकहरु मध्येबाट समाजिक विकास समितिबाट मनोनित एक जना प्रतिनिधि -सदस्य

(घ)स्थानीय स्तरमा संचालित सहकारी संस्थाहरुका अध्यक्षहरु मध्येवाट समाजिक विकास समितिबाट मनोनित एक जना प्रतिनिधि -सदस्य

(ङ) स्थानीय स्तरमा कार्यरत स्वास्थ्य सस्थासंग सम्बन्धित कर्मचारी वा महिला स्वास्थ्य स्वयंम सेवकहरु मध्येवाट समाजिक विकास समितिबाट मनोनित एक जना प्रतिनिधि -सदस्य

(च) कोषमा योगदान गर्ने दाताहरु मध्येबाट समाजिक विकास समितिबाट मनोनित एक जना प्रतिनिधि - सदस्य

(छ) स्थानीय बाल क्लवहरू मध्येबाट समाजिक विकास समितिबाट मनोनित एक जना प्रतिनिधि - सदस्य

(ज) सामाजिक विकास शाखाका एकजना कर्मचारी -सदस्य-सचिव

तर सामाजिक विकास समिति गठन भई नसकेको अवस्थामा नगर कार्यपालिकाले सदस्य तोक्नु पर्नेछ ।

(२) समितिका सदस्यहरूको कार्यावधि तीन वर्षको हुनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषमा कुनै रकम दाखिला गर्दा भएको सम्झौताले सञ्चालक समितिमा कुनै प्रतिनिधित्व गराउनुपर्ने भएमा सो रकम सँग सम्बन्धित खर्चको निर्णय गर्दा सम्झौता बमोजिमको प्रतिनिधित्व गराउन बाधा पर्ने छैन ।

७. **अक्षय कोष खडा गर्ने :** (१) कोषले जम्मा गर्ने गरी प्राप्त हुने रकम मध्ये अक्षयकोषका लागि प्राप्त हुने सबै र अन्य मध्ये पच्चीस प्रतिशत रकम अक्षय कोषको रूपमा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको रकमको ब्याज वापत प्राप्त हुने रकम बाहेक अक्षय कोषको रूपमा रहेको रकम कुनै पनि कार्यमा खर्च गर्न पाइने छैन ।

८. **शर्त बमोजिम खर्च गर्ने** : कोषमा रकम दाखिला गर्दा कुनै निर्धारित कार्यक्रम वा कुनै कार्यक्रममा निर्धारित प्रक्रियाबाट खर्च गर्ने सहमति बमोजिम दाखिला भएको रकम खर्च गर्दा सञ्चालक समितिको सहमति बमोजिम खर्च गर्नुपर्नेछ ।

९. **कोषको रकम खर्च गर्न नपाइने** : देहाय बमोजिमको कार्यमा कोषको रकम खर्च गर्न पाइने छैनः-

(क) तालिम, गोष्ठी, भ्रमण वा सो प्रकृतिको अन्य कार्य,

(ख) मसलन्द, छपाइ, पत्रपत्रिका, विज्ञापन वा सो प्रकृतिको अन्य कार्य ।

१०. **कोषमा रकम दाखिल गर्नसक्ने** : (१) नगरपालिकाले अनाथ तथा जोखिममा रहेका बालबालिकाको संरक्षण, सुरक्षा तथा सबलीकरणमा वार्षिक बजेट मार्फत तोकिएको रकम कोषमा दाखिल गरी कोष मार्फत खर्च गर्नसक्नेछ ।

(२) नगरपालिका क्षेत्रमा कार्यक्रमको लागि खर्च हुने सबै प्रकारका रकम कोषमा दाखिला हुने व्यवस्था कार्यपालिकाले मिलाउने छ ।

## परिच्छेद-३

## कोषको रकम खर्च गर्ने प्रक्रिया

११. **खर्च ब्यवस्थापन** : कोषको रकम देहाय बमोजिमको कार्यक्रमहरूमा खर्च गर्न सकिनेछ :-

(क) लक्षित समूहलाई दिईने नगद अनुदान,

(ख) लक्षित समूहलाई निश्चित अवधिको सहयोगार्थ दिइने आवधिक अनुदान,

(ग) लक्षित समूहलाई आवश्यकता अनुसार विपद समेतमा सहयोग गर्न दिईने विशेष अनुदान,

(घ) कुनै दाताले कुनै बालबालिका लागि तोकेर दिएको सशर्त अनुदान ।

१२. **लाभग्राही समूह** : दफा ११ बमोजिमको कार्यक्रम देहाय बमोजिमको लाभग्राही बालबालिकाको लागि सञ्चालन गर्नुपर्नेछ :-

(क) आमा बाबु दुबैको मृत्यु भएको, कोही पनि आफन्त नभई अरुको शरणमा बसेका बालबालिका,

(ख) आमा बाबु दुबैको मृत्यु भई आफै घरमुली भएका बालबालिका,

(ग) आमा बाबु दुबैको मृत्यु भई आफन्तको (परिवारका अन्य सदस्यको) रेखदेखमा रहेका बालबालिका,

(घ) आमा बाबु दुबै मानसिक रोगी, बेपत्ता, पूर्ण अपाङ्गता भई उनीहरुबाट उचित संरक्षण पाउन नसकेका बालबालिका,

(ङ) आमा वा बाबु कुनै एकको मृत्यु, बेपत्ता, दोश्रो विवाह गरी टाढा बसेको,बौद्दिक वा इन्द्रीय सम्बन्धी दिर्घकालिन अशक्तता भएका, बाबुको पहिचान नभएको वा पूर्ण अपाङ्गता भई एकल अभिभावकसँग बसिरहेका बालबालिका ।

(च) आफ्नो सम्पत्ति नभएको, स्याहार सुसार गर्ने परिवारको सदस्य वा संरक्षक नभएको बालबालिका ।

**१३. <u>नगद अनुदानको दर</u> :** लाभग्राहीलाई नगद अनुदान दिँदा प्रति महिना कार्यपालिकाले तोकेको रकममा नघटने गरी दिनुपर्नेछ ।

**१४. <u>सार्वजनिक सूचना गर्नुपर्ने</u> :** (१) प्रत्येक वर्ष अनुसूची-१ बमोजिमको ढाँचामा कार्यतालिका सहित सार्वजनिक सूचना गरी लक्षित बालबालिकाको लागि दिइने अनुदानको प्रक्रिया सुरु गर्नु पर्नेछ ।

(२) सूचना प्रकाशन गर्दा वडा कार्यालय, विद्‌यालय, स्वास्थ्य संस्था बालबालिकासँग काम गर्ने सरकारी तथा गैर सरकारी संस्थाका कार्यालयहरुमा सूचना टाँस्नु पर्नेछ ।

**१५. <u>आवेदन गर्नुपर्ने</u> :** (१) आवेदन आव्हानको लागि सार्वजनिक सूचना प्रकाशित गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक सूचना प्रकाशित गर्दा र आवेदन फारम वितरण गर्दा नगरपालिकामा कार्यक्षेत्र रहेका सङ्घ संस्था, बाल अधिकार समिति, बाल समूहको सहयोग लिन सकिनेछ ।

(३) उपदफा (१) बमोजिम सूचना प्रकाशन गरेको पन्ध्र दिनभित्र अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको आवेदनसाथ देहायका कागजात संलग्न गर्नुपर्नेछ :-

(क) बालबालिकाको जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि,

(ख) अभिभावक हुनेहरुले अभिभावकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

(ग) बाबुआमाको मृत्यु भएको अवस्थामा मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(घ) अभिभावक पूर्ण अपाङ्गता भएमा अपाङ्गता कार्डको प्रतिलिपि,

(ङ) बाबुआमा बेपत्ता भएको, मानसिक रोगी भएको सन्दर्भमा प्रमाण खुल्ने कागजात ।

**१६. लाभग्राहीलाई दिइने रकमको निर्धारण, लाभग्राहीको संख्या निर्धारण, छनौटको लागि प्राथमिकता र छनौटको प्रक्रिया :** (१) लाभग्राहीलाई वितरण गर्ने अनुदान रकम देहाय बमोजिम निर्धारण गर्नपर्नेछ :-

(क) अघिल्लो वर्षको लेखा विवरणमा खुलेको कोषको रकमवाट प्राप्त व्याज, कुनै दाता वा निकायवाट लक्षित बालबालिकालाई वितरण गर्नभनि दिइएको रकम जोडेर लाभग्राहीलाई वितरण गर्ने जम्मा अनुदान रकमको तय गर्ने,

(ख) खण्ड (क) अनुसार रकम गणना गर्दा यस अघिको वर्षमा सम्झौता भएका लाभग्राहीलाई दिनु पर्ने रकम घटाई वितरण गर्ने रकमको तय गर्ने,

(ग) कुनै दातावाट निर्धारित दर बमोजिम निश्चित अवधिकोलागि अनुदान दिने गरी रकम प्राप्त भएमा त्यस्ता लाभग्राहीको लागि प्राप्त रकम छुट्टै विशेष अनुदान उपशीर्षकमा रकम उल्लेख गर्ने,

(घ) तर खण्ड (ग) बमोजिम रकम प्राप्त गर्दा दफा १३ बमोजिमको दरमा कम्तीमा एक वर्षभन्दा कम समयको लागि रकम स्वीकार गर्न पाईने छैन । यस दफामा तोकिएभन्दा कम रकम अक्षय कोषमा भने जम्मा गर्न सकिने ।

(२) लाभग्राहीको सङ्ख्या निर्धारण देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) दफा १३ मा तोकिएको दरलाई बाह्र महिनाले गुणन गरेर दफा १६.१(ख)बाट प्राप्त रकमलाई भाग गरी लाभग्राहीको सङ्ख्या निर्धारण गर्न पर्ने।

(ख) तर दफा १६.१ को लागि लाभग्राहीको लागि दाताबाट अनुदान रकम प्राप्त भएकालाई छुट्टै उपशीर्षकमा राखी लाभग्राहीको सङ्ख्या एकिन गर्ने ।

(३) लाभग्राहीको छनौटको प्राथमिकिता देहाय बमोजिम हुनेछ :-

| | आवेदकको प्रकार | प्राथमिकीकरण | थप प्राथमिकीकरण |
|---|---|---|---|
| १ | आमाबाबु दुवै गुमाई अरुको शरणमा रहेका बलबालिका | पहिलो | एकै प्रकारका आवेदकहरू मध्येबाट छनौट गर्नु परेमा निम्नानुसार बालबालिकालाई प्रथमिकीकरण गर्नु पर्नेछ :- (क) हाल बाल श्रमिकको रूपमा काम गरिरहेका बालबालिका (ख)विद्यालय बाहिर रहेका बालबालिका (ग)आफ्नो सम्पति नभएका बालबालिका |
| २ | आमाबाबु दुवै गुमाई आफै घरमूली भएका बालबालिका | दोस्रो | |
| ३ | आमाबाबु दुवै गुमाई आफन्तको रेखदेखमा रहेका बालबालिका | तेस्रो | |
| ४ | आमाबाबु दुवै मानसिक रोगी, वेपत्ता, पूर्ण अपाङ्गता भई उचित संरक्षण पाउन नसकेका बालबालिका | चौथो | |
| ५ | आमाबाबुमध्ये कुनै एकको मृत्यु, बेपत्ता, दोस्रो विवाह गरी छुट्टै बसेको, मानसिक रोगी, बाबुको पहिचान नभएको वा पूर्ण अपाङ्गता भई एकल अभिभावकसँग बसिरहेका बालबालिका | पाँचौं | |

(४) उपदफा (३) बमोजिमको प्राथमिकीकरण गरी छनौट भएका बालबालिकाहरुको नामावली सम्बन्धित स्थानीय तहले सार्वजनिक सूचना द्वारा जानकारी गराउनु पर्नेछ ।

(५) छनौट सम्बन्धी जानकारी सम्बन्धित बालबालिका, उनीहरुका अभिभावक र अध्ययन गरिरहेको विद्यालयलाई पत्र मार्फत वा अन्य सञ्चार माध्यम द्वारा गरिनेछ ।

**१७. <u>सम्झौता गरी परिचयपत्र दिनु पर्ने</u> :** (१) दफा १६ बमोजिम छनौट भएका बालबालिकाहरुलाई सहयोग प्रदान गर्नु अघि उनीहरुका बाबु आमा वा अभिभावक वा स्वयं बालबालिकासँग अनुसूची-३ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

(२) सम्झौताको समयमा छनौट भएका बालबालिका, उनीहरुको बाबु आमा वा अभिभावकलाई यसबाट पर्ने असर तथा प्रभावका बारेमा जानकारी एवम् परामर्श गरिनेछ ।

(३) उपदफा (१) बमोजिम सम्झौता गरिएका आमा बुवा वा अभिभावक वा स्वयं बालबालिकालाई अनुसूची-४ बमोजिमको ढाँचामा परिचय पत्र दिनु पर्नेछ ।

## परिच्छेद ४

## अनुदान रकमको वितरण, रोक्का तथा उपयोग

१८. **रकम वितरण र उपयोगः** (१) अनुदान रकम चौमासिक रुपमा वितरण गर्नु पर्नेछ ।

(२) अनुदान रकम बालबालिकाको अभिभावकलाई दिनु पर्नेछ । यदि बालबालिका आफैं घरमूली भएको अवस्थामा भने सम्बन्धित बालबालिकालाई नै दिन सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको रकमको वितरण गर्दा सबै सरोकारबालाहरुलाई समेटेर कुनै समारोह भएको अवसर पारेर भत्ता वितरण गर्न सकिनेछ वा नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता वितरण गर्ने समयमा वितरण गर्न बाधा पर्ने छैन ।

(४) अनुदान रकमको उपयोग लाभान्वित वर्गका अभिभावकले बालबालिकाको हितमा (जस्तै शिक्षा, ,स्वास्थ्य, खाना, कपडा, आदि) प्रयोग गर्नुपर्नेछ ।

१९. **लगत कट्टा हुने अवस्थाहरू :** देहायको अवस्थामा लाभग्राहीहरूको नाम सम्बन्धित स्थानीय तहको अभिलेखबाट कट्टा गरिनेछ :-

(क) निज बसाइँ सरी गएमा,

(ख) निजले अन्य व्यक्ति वा संघ संस्थाबाट यस कार्यक्रमबाट भन्दा बढी सहयोग प्राप्त गरेमा,

(ग) निजले उच्च माध्यमिक तह पूरा गरेमा वा अठार वर्ष पूरा भएमा,

(घ) निजको बाल विवाह भएमा,

(ङ) निजको मृत्यु भएमा ।

(च) स्वयं नाबालकले आफूँले पाउने अनुदान रकम नलिने भनि स्व घोषणा गरेमा ।

## परिच्छेद ५

## अनुगमन, लेखा प्रतिवेदन तथा अभिलेखिकरण

२०. **अनुगमन तथा प्रतिवेदन :** (१) कार्यक्रमको वार्षिक प्रतिवेदन जेष्ठ महिनामा तयार गरी कार्यपालिकाको सामाजिक विकास हेर्ने समितिमा पेस गर्नु पर्नेछ।

(२) प्रतिवेदनको ढाँचा समितिले तोकिदिए बमोजिम हुनेछ ।

(३) यस ऐन बमोजिम कार्यान्वयन हुने कार्यक्रमको अनुगमन समितिले गर्नेछ ।

(४) अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि यस ऐन बमोजिमको कार्यक्रम सञ्चालन भए नभएको अनुगमन गर्न सामाजिक शाखा वा कुनै समितिको सदस्यको संयोजकत्वमा अनुगमन टोली बनाई प्रतिवेदन तयार गराउन बाधा पर्नेछैन ।

(५) समितिले स्थलगत अध्ययन गरी उद्देश्य अनुरुप काम भए नभएको हेरी नभएको पाएमा अनुदान रकम रोक्का गर्न निर्देशन दिन सक्नेछ ।

(६) अनुगमन गर्दा सञ्चालक समितिले गरेका काम कार्वाही समेत हेरी प्रक्रिया पूरा भए नभए प्रतिवेदन तयार गरी सञ्चालक समितिलाई सुधारकोलागि निर्देशन दिन सक्नेछ ।

२१. **लेखा सम्बन्धी व्यवस्था** : (१) अक्षय कोषको रकम नेपाल राष्ट्र बैंकबाट “क, ख, वा ग” श्रेणीको इजाजत प्राप्त मध्ये अधिकतम व्याजदर तथा अन्य सुविधा उपलब्ध गराउने बैंकमा मुद्दती खाता खोली रकम जम्मा गरिनेछ।

(२) कोषबाट प्राप्त व्याज तथा कोषमा नजाने तर लाभग्राहीलाई अनुदानको लागि दिइने भनी प्राप्त रकम सङ्कलनका लागि सोही बैंकमा छुट्टै चल्ती र बचत खाता खोलिनेछ ।

(३) दुवै खाताको खाता सञ्चालन सञ्चालक समितिको सयोजक र सदस्य सचिवको संयुक्त दस्तखतबाट हुनेछ ।

**२२. लाभग्राहीहरुको मूल अभिलेख** : लाभग्राहीहरूको मूल अभिलेख अनुसूची -५ बमोजिमको ढाँचामा सबैले देख्ने गरी राख्नु पर्नेछ ।

**२३. गुनासो दर्ता गर्न सक्ने** : (१) अनुदानको लागि छनौट भएका बालबालिकाले रकमको वितरण वा अन्य प्रकृया उपर चित्त नबुझेमा निर्णय भएको मितिले पैँतीस दिनभित्र कार्यपालिकाको सामाजिक सुरक्षा हेर्ने शाखामा गुनासो दर्ता गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै गुनासो प्राप्त भएमा समामाजिक विकास शाखाले सो उपर आवश्यक जाँचबुझ गरी निर्णयको लागि समितिको बैठकमा पेस गर्नु पर्दछ ।

**२४. अनूसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने** : कार्यपालिकाले अनुसूचीमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ ।

## अनुसूची – १

### (दफा १४ को उपदफा (१) सगँ सम्बन्धित)

अनुदान बितरण तालिकाको ढाँचा

| चरण | महिना | गर्न पर्ने कार्य | कैफियत |
|---|---|---|---|
| प्रक्रिया सुरु | असोज | रकम, संख्या र अन्तिम नतिजा जानकारी गराउने मिति तय | |
| सूचना प्रकाशन | कार्तिक | सबै वडाकार्यालय तथा विद्यालयमा समेत | सबैजनाले थाहा पाउने गरी सूचना प्रवाह हुनुपर्ने । |
| आवेदन सकलन | मङ्सिर मसान्त सम्म | सबैलाई सहज हुने गरी सङ्कलन गर्ने । | बडा कार्यालयसँग समन्वय गरी वडास्तरवाट सङ्कलन गर्ने व्यवस्था गर्नुपर्ने । यसका लागि स्थानीय स्तरमा गठित बाल सरक्षण समितिको सहयोग लिन सकिनेछ । |
| छनौट | पुस मसान्त | आवेदनको मूल्याङ्कन तथा छनौट | |
| गुनासो सुनुवाई | फाल्गुन पहिलो हप्ता | सूची प्रकाशन गरी ७ दिन सम्ममा कसैको केही गुनासो भए राख्न अनुरोध गर्दै सूचना | |

| | | | |
|---|---|---|---|
| | | प्रकाशन | |
| सम्झौता | फागुन महिना भित्र | सम्झौतामा कहिले सम्म कसरी कुन महिना दिइने आदि खुलाउनुपर्ने । | |
| कार्यान्वयन | सम्झौता अवधिसम्म | | |

**अनुसूची -२**

**(दफा १५ को उपदफा (३) सँग सम्बन्धित)**

**अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम आवेदन फारमको ढाँचा**

१. बालबालिकाको विवरणः

नाम थर.......................................लिङ्ग ............उमेर ......

वेलका नगरपालिका वडा नं.....

जिल्ला उदयपुर प्रदेश नं.१

विद्यालय ........................................................ कक्षा ...........

स्वास्थ्य अवस्था .........................................................................

जन्म दर्ता भएको/नभएको

२. बुवाको विवरण

(१) बुवाको नाम, थर ............................................................

(२) बुवा नभएको भए सोको कारण : (क) मृत्यु भएको (ख) बेपत्ता (ग) अर्को विवाह गरी गएको (घ) अन्य

(३) बुवाको शारीरिक वा मानसिक अवस्था : (क) मानसिक रोगी (ख) पुर्ण अपाङ्ग (ग) अन्य अवस्था

३. आमाको विवरण

(१) आमाको नाम, थर ............................................................

(२) आमा नभएको भए सोको कारण : (क) मृत्यु भएको (ख) बेपत्ता (ग) अर्को विवाह गरी गएको (घ) अन्य (३) आमाको शारीरिक वा मानसिक अवस्था : (क) मानसिक रोगी (ख) पुर्ण अपाङ्ग (ग) अन्य अवस्था

४. आमा वा बुवा वा अभिभावक अपाङ्ग भएमा अपाङ्गताको परिचय पत्र भएको/नभएको

अपाङ्गताको प्रकार क ख ग घ

५. अभिभावक/संरक्षकको विवरणः

अभिभावक/संरक्षकको नाम, थर .............................................

पूरा ठेगाना ...................................................

अभिभावक/संरक्षकको नागरिकता प्रमाण पत्र नम्बर ......................................

६. पारिवारिक विवरणः

| क्र.सं. | परिवारको सदस्यको नाम | नाता | उमेर | पेसा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची -३

## (दफा १७ को उपदफा (१) सँग सम्बन्धित)

**नगरपालिका र सम्बन्धित अभिभावक वा बालबालिका बीच हुने सम्झौताको ढाँचा**

स्थानीय सामाजिक सुरक्षा प्राप्त गर्ने बालबालिकाको अभिभावक वा बालबालका स्वयं श्री..........,पहिलो पक्ष र कोष व्यवस्थापन समिति, दोस्रो पक्ष बीचमा श्री...........को हितार्थ उपयोग गर्ने गरी मासिक रु. ........... का दरले .......... सम्म तपसिल तथा अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन ऐन, २०७५ मा उल्लिखित शर्त बन्देज पालना गरेसम्म अनुदान रकम उपलब्ध गराउने सम्बन्धमा सम्झौता गर्न दुवै पक्ष सहमत भई यस सम्झौतामा हस्ताक्षर गरी एक एक प्रति लियौ दियौ ।

**तपसिल**

(क) सम्बन्धित अभिभावकले पालना गर्नुपर्ने शर्त

१. बालबालिकालाई निरन्तर विद्यालय पठाउने ।

२. प्राप्त सहयोगको रकम बालबालिकाको हितको लागि खर्च गर्ने ।

३. बिरामी भएर वा अन्य कारणबाट बालबालिका विद्यालय जान नसकेमा सम्बन्धित विद्यालय र नगरपालिकालाई लिखित जानकारी दिने ।

४. बालबालिकालाई जोखिमपूर्ण काममा नलगाउने ।

५. अनुगमन समितिलाई सहयोग गर्ने र दिएका सुझाव कार्यान्वन गर्ने ।

६. बालबालिकाको स्थितिमा कुनै परिवर्तन आए त्यसको जानकारी समितिलाई दिने ।

७. छोरा र छोरीमा भेदभाव नगर्ने ।

(ख) सम्बन्धित समितिले पालना गर्नुपर्ने शर्तहरु

१. यस सम्झौतामा उल्लेखित रकम सम्झौता अवधि भरि वा शर्तको पालना भएसम्म चौमासिक उपलब्ध गराउने,

२. यस कार्यविधि भित्र रही समितिले दिएको सुझाव कार्यान्वयन गर्ने,

३. अनुगमनको क्रममा निर्देशिका अनुसार प्रदान गरीआएको सहयोग रकम रोक्का वा स्थगन गर्नुपर्ने कुनै पनि आधार भेटिएमा सुनुवाईको उचित मौका दिई लिखित रुपमा सम्बन्धित अभिभावक र विद्यालयलाई सूचना दिने,

४. सम्बन्धित अभिभावक र बालबालिकासँग निरन्तर सम्पर्कमा रहि रहनुपर्ने ।

अभिभावक/बालबालिका स्वयंका तर्फबाटः
नाम थरः..................
नागरिकता नं...............
हस्ताक्षर ................

बालबालिकाको नामः
ठेगाना
विद्यालयको नाम  कक्षा
औठा छाप

सञ्चालक समितिको तर्फबाट
नाम थरः................
दस्तखतः
पदः
संस्थाको छाप :

इति सम्वत् साल. महिना गते रोज शुभम् ।

**अनुसूची -४**

**(दफा १७ को उपदफा (३) सँग सम्बन्धित)**

**<u>अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि दिइने सामाजिक सुरक्षा कार्यक्रम परिचय पत्रको ढाँचा</u>**

वेलका नगरपालिकाको कार्यालय
उदयपुर जिल्ला, १ नं. प्रदेश

परिचय पत्र नं. : ...............................
नाम थर : ...........................लिङ्ग : ...........उमेर : ......
ठेगाना: वेलका नगरपालिका  वडा नं : ............
जिल्ला : उदयपुर  प्रदेश नं.१
विद्यालय : .................................................... अध्ययन गरिरहेको कक्षा : ..........
अभिभावकको नाम थर : ....................................... ना. प्र.प. नम्बर : ................
अभिभावकको ठेगानाः वेलका नगरपालिका  वडा नं : ..............
जिल्ला : उदयपुर  प्रदेश नं.१
बैङ्कमा खाता खोलेको भए,-
बैङकको नाम र खाताको किसिम : ...................
बैङक खाताको नम्बर : ...................
रकम पाएको विवरण,-

| | |
|---|---|
| बुझिलिनेको,-<br>नाम, थर : ................................<br>दस्तखत : ..................................<br>मिति : ............................<br>कूल रकम : ......................... | बुझाउनेको,-<br>नाम, थर : .................................<br>दस्तखत : ..................................<br>मिति : .................................<br>पद : ....................................... |

**अनुसूची-५**
**(दफा २२ सँग सम्बन्धित)**

**अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम**

**लाभग्राहीहरुको अभिलेख**

वेलका नगरपालिकको कार्यालय
उदयपुर जिल्ला १ नं. प्रदेश

| लाभग्राही नम्वर | लाभग्राहीको नाम थर | अध्ययन गर्ने भए विद्यालय | | अभिभावक/संरक्षकको नाम थर | अभिभावक/संरक्षकको नागरिकता नम्बर | ठेगाना |
|---|---|---|---|---|---|---|
| | | नाम | कक्षा | | | |
| | | | | | | |
| | | | | | | |

प्रमाणितकरण मिति २०७५/ /
आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत